# कृषि, वन तथा भूमिसुधार

भीमप्रसाद न्यौपाने
रा.यो.आ

२०६४ आषाढ १०

# कृषि

# कृषि क्षेत्रको विद्यमान अवस्था

- दशौं योजनामा कृषि क्षेत्रको आर्थिक बृद्धिदर २.८ प्रतिशत हुने लक्ष्य राखिएकोमा औसत वार्षिक वृद्धिदर २.६७ प्रतिशतको हाराहारीमा मात्र रहन सकेको,
- विगतका विकास प्रयासबाट जीविकोपार्जनमुखी कृषिप्रणालीबाट क्रमशः व्यवसायीकरण तर्फ रूपान्तरण हुँदै गएको साथै सेवा प्रवाहमा सरकारी क्षेत्रको प्रभुत्व क्रमशः घट्दै गई सहकारी, निजी र सामुदायिक संघ संस्थाको प्रभावकारी प्रादुर्भाव, बेमौसमी तरकारी खेती सम्बन्धि प्रबिधिको विकास भई यिनको प्रयोगमा व्यापकता आएको,

  तर अझै,

  - यातायातको कठिनाई र अप्रतिस्पर्धात्मक बजारको कारण खासगरी दुर्गम पहाडी क्षेत्रमा खाद्यान्नको समस्या जटिल रहेको,
  - लगानी र भौतिक सुविधाको प्रभावकारी उपयोग गर्न नसकिएको,

# ... विद्यमान अवस्था

- चिनी, तरकारी, फलफूल, माछा , दूध वाहेक अन्य  वाली तथा वस्तु उत्पादन लक्ष्य दशौं योजनाले निर्दिष्ट गरे भन्दा न्युन भएको,
- रासायनिक मल, उन्नत वीउ, सिंचाइ, ऋण जस्ता आधारभूत कृषि सामग्रीको अपर्याप्त आपूर्ति र कम उपयोग भएको,
- स्यालो ट्युबवेलको अनुदान खारेजीले दिर्घकालीन कृषि योजनाले अपेक्षा गरे अनुरूप यसको विस्तार हुन नसकेको,
- दीर्घकालिन कृषि योजनामा अपेक्षा गरिए अनुसार सम्बन्धित निकायहरूको समन्वयात्मक सेवा प्रवाह हुन नसकिरहेको ।

# कृषि क्षेत्रको चुनौतीहरू

- विद्यमान न्यून उत्पादकत्व तथा उत्पादनमा उतारचढाव,
- नेपाल विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको परिप्रेक्ष्यमा कृषिजन्य उत्पादनलाई विश्व बजारमा पुऱ्याई उत्पादनको सही मूल्य दिलाउन तथा आन्तरिक रूपमा समेत प्रतिस्पर्धी बनाउन,
- ग्रामिण युवा, युवतीहरूलाई कृषि पेशामा आकर्षित गर्दै रोजगारी सिर्जना गर्न,
- कृषि विकास कर्मीहरुलाई आफ्ना कार्यक्षेत्रका किसान प्रति उत्तरदायी हुने व्यवस्था गर्न ।

# कृषि क्षेत्रको उद्देश्य

**फराकिलो, रोजगारमूलक, दीगो, तथा समावेशी कृषि बृद्धिदर हासिल गर्ने कृषि क्षेत्रको समष्टिगत लक्ष्य रहेकोछ :**

<u>क्षेत्रगत उद्देश्य</u>

- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने,
- खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने,
- व्यवसायिक तथा प्रतिस्पर्धात्मक खेती प्रणालीका आधारहरूको दीगो विकास गरी क्षेत्रीय र विश्व वजारसंग प्रतिस्पर्धात्मक बनाउने,
- ग्रामिण यूवा, महिला तथा विपन्न वर्गहरूको लागी रोजगारीका अवसरहरू अभिवृद्धि गर्ने,
- वातावरण-मैत्री प्रविधिहरूको विकास एवं विस्तार गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने ।

# कृषि क्षेत्रको नीतिहरू

- दीर्घकालीन कृषि योजनाको रणनीतिक दूरदृष्टिलाई संस्थागत गर्दै यसलाई कृषि विकासको मूल नीतिको रूपमा अंगिकार गरी समय सापेक्ष अध्यावधिक गरिनेछ,
- कृषिलाई विकासको मूल आधार बनाई अन्य क्षेत्रगत नीतिहरू तदनुरूप कृषि मैत्री हुने गरी संयोजन गरिनेछ,
- तराईमा भूमिगत सिंचाइ तथा पहाडमा सतह सिंचाइका लागि लगानी तथा सुविधा वृद्धि गरिनेछ,
- सहकारीलाई ग्रामीण विकासमा संयोजनकारी भूमिका खेल्न सक्ने गरी पुनर्गठित तथा सुदृढ गरिनेछ,
- कृषि, भूमिसुधार, सिंचाइ र वन सम्बन्धी कार्यक्रमहरूलाई समन्वयात्मक रूपले सञ्चालन गर्न तहगत संयन्त्रको विकास गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ,

# ...नीतिहरू

- कृषि तथा पशु व्यवसायमा बीमा नीति अवलम्बन गरिनेछ,
- कृषि अनुसन्धानलाई कार्यस्थलसम्म विकेन्द्रित गरिनेछ,
- गरीब र लक्षित समूहमा प्रवाह हुने कृषि ऋण सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराउन कृषक ऋण कार्ड वितरण गर्ने व्यवस्था मिलाईनेछ,
- कृषि अनुसन्धान र जनशक्तिको आवश्यकता पूर्ति सुनिश्चित गर्न कृषि विश्वविद्यालय स्थापना गरिनेछ,
- कृषि तथा पशु व्यवसायमा वीमा नीति अवलम्बन गरिनेछ,
- खाद्य स्वस्थता, स्वच्छता एवं गुण नियन्त्रण प्रणालीलाई सृदृढिकरण गरी प्रभावकारी बनाईनेछ,

# ... नीतिहरू

- खाद्य असुरक्षामा रहेका विपन्न वर्ग र भौगोलिक क्षेत्रका लागि राष्ट्रिय खाद्य सुरक्षा नीति लागू गरिनेछ,
- वर्षामा निर्भर कृषि तथा खाद्य असुरक्षित क्षेत्रमा विशेष परिलक्षित कार्यक्रम सञ्चालन गरिनेछ,
- प्रत्येक जिल्लाले आफ्नो भौगोलिक विशेषता, तुलनात्मक लाभ, अवसर, उपलब्ध श्रोत र साधनको आधारमा वीउ विजन, तरकारी तथा पशुपालन आदिमा आत्मनिर्भर विशेष परिलक्ष्यित कार्यक्रम सञ्चालन गरिनेछ,
- हाल विकसित पकेट क्षेत्रलाई क्रमिक रुपमा कृषिमा आधारित विशेष आर्थिक क्षेत्रमा रुपान्तरण गरिनेछ ।

# ... नीतिहरू

- जिल्लाको कुनाकाप्चा लगायत सम्पूर्ण भूभाग र विभिन्न वर्ग र समुदायका कृषकहरुलाई समेट्न  क्षेत्रगत विधि अपनाई कृषि तथा पशुसेवा  प्रवाह र प्रसार गरिनेछ,
- द्रुततर विकसित सूचनाप्रवाहबाट कृषकहरुलाई लाभान्वित गराउन कृषक सूचना केन्द्र क्रमश: स्थापना गरी कृषकहरूको माग अनुसारको सूचना सेवा उपलव्ध गराइनेछ,
- गा.वि.स. स्तरमा सामुदायिक कृषि तथा पशु सेवा केन्दहरुको स्थापना गर्न सरकारको तर्फबाट प्रााविधिक, आर्थिक तथा संस्थागत सहयोग उपलब्ध गराइनेछ,
- “विकासमा सहकारिता : जीवनमा समृद्धता” को भावना अनुसार ग्रामीण क्षेत्रमा कृषि उत्पादन, बजारीकरण र वित्तिय सेवाका लागि सहकारी संस्था मार्फत कृषि बजारहरुलाई सहकारीकरण गरिनेछ ।

# वन

# वन क्षेत्रको विद्यमान अवस्था

- दशौं योजनाको अन्त्यसम्ममा करीब १४,५०० सामुदायिक वन उपभोक्ता समूहहरू गठन भई हाल झण्डै १२ लाख ४० हजार हेक्टर वन क्षेत्र समुदायलाई हस्तान्तरण भएको,
- ९५० भन्दा बढी कबुलियती वन उपभोक्ता समूह गठन भई ३,७०० हेक्टर कबुलियत वन व्यवस्थापन गर्न हस्तान्तरण भएको,
- वनमा निर्भर जनसंख्याका लागि वनपैदावारको सहज आपूर्ति र दिगो व्यवस्थापनको साथै सामुदायिक विकासका कामहरू संचालन गर्दै आएको,

# ...विद्यमान अवस्था

**तर अझै,**

- द्वन्दका कारण प्राय: कार्यालय भवनहरु ध्वस्त भएको, कर्मचारी फिल्डमा रही काम गर्न सक्ने अवस्था नभएको ,
- तराईको वन व्यवस्थापनमा सरोकारवालाहरु बीच उत्पन्न नीतिगत भिन्नताका कारण पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको,
- तराई र भावर क्षेत्रमा नजिक र टाढाका वन उपभोक्ता समूहहरुको बीच समन्वय कायम हुन नसक्दा सामुदायिक वन र साझेदारी वन व्यवस्थापन बीच तालमेल हुन नसकेको,
- निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्रको लागि आवश्यक पर्ने ऐन, नियम नीति, निर्देशिकामा समयमानुकूल परिमार्जन हुन नसकेको,
- वन अतिक्रमण, नदी कटान र पहिरोले भू-संरक्षणको कार्य खर्चिलो भएको ।

# वन क्षेत्रको चुनौतीहरू

- वन व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता र संयुक्त लगानी आकर्षित गर्न,
- वहुमूल्य वनजन्य उपजहरूको दिगो व्यवस्थापन गरी प्रमाणीकृत वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याई स्थानीय एवं राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउन,
- वन पैदावारमा गरीब तथा विपन्न वर्गको पहुच सुनिश्चित गरी न्यायोचित वितरण प्रकृयालाई संस्थागत गर्न,
- कार्बन व्यापार, जलवायु परिवर्तनमा न्यूनीकरण र वातावरणीय सेवाको लागि भुक्तानी जस्ता प्रावधानहरूबाट नेपालको वन क्षेत्रलाई अन्तर्राष्ट्रिय स्रोत जुटाउने अवसर प्राप्त भएकाले यसका लागि कुटनीतिक प्रयासलाई तीव्र र प्रभावकारी बनाउन,

# ... चुनौतीहरू

- वन प्रशासनलाई विकेन्द्रित गर्न,
- तराई र भावर क्षेत्रमा नजिक र टाढाका वन उपभोक्ता समूहहरुको बिच समन्वय कायम हुन नसक्दा सामुदायिक वन र साझेदारी वन व्यवस्थापन बिच तालमेल हुन नसक्नु,
- जलाधार व्यवस्थापन कार्यक्रमलाई समयसापेक्ष, जनमुखि र व्यवहारिक बनाउन ।

# वन क्षेत्रको उद्देश्य

- वन, वनस्पति, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापनद्धारा सन्तुलित वातावरण कायम राख्नुको साथै वन पैदावरको आपूर्तिमा निरन्तरता दिने,
- वनजन्य पैदावारमा आधारित उद्योग एवं व्यवसाय प्रवर्द्धनलाई बढावा दिई रोजगारीका अवसर सिर्जना गर्ने र आन्तरिक बजारको विकास एवं निर्यात प्रवर्द्धन गर्ने,
- वनजन्य पैदावारमा न्यायोचित वितरण प्रणालीबाट मानवीय तथा आर्थिक गरीबी न्यूनीकरण गरी समतामूलक विकासमा सघाउ पुऱ्याउने ।

# वन क्षेत्रको नीतिहरू

- वन क्षेत्रसित सम्बन्धित विकास तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक कानूनी एवं प्रक्रियागत सुधार गरिनेछ,
- सामुदायिक वन उपभोक्ता समितिले आर्जन गरेको आम्दानीको एक तिहाई सोही क्षेत्रका दलित, आदिवासी जनजाति, महिला तथा गरीब परिवारहरुको लागि उत्पादनमूलक कार्यमा लगानी गरिनेछ,
- सामदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, सामदायिक विकास समूह, वफर जोन  उपभोक्ता समूह आदिमा सुशासन संस्थागत गरिनेछ,व

# ... नीतिहरू

- चुरे क्षेत्रमा वन, वनस्पति जैविक विविधता संरक्षण, जल संचय, उत्पादनशील भूमिको संरक्षण एवं  आयआर्जनका कार्यक्रमहरु विपन्न वर्गहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने गरी  संचालन गरिनेछ,
- ठूला सिंचाई एवं जलविद्युत आयोजनाहरुको दिगोपनाको लागि आयोजना लागू भएको क्षेत्रमा समन्वयात्मक एकीकृत जलाधार व्यवस्थापन आयोजना तर्जुमा गरिनेछ,
- हिमाली एवं पहाडी क्षेत्रमा जडीबुटी उत्पादन, संकलन, प्रशोधन एवं बजार व्यवस्थापनमा विशेष जोड दिईनेछ,
- वन क्षेत्रको अतिक्रमण र वन पैदावारको चोरीलाई नियन्त्रण गर्न स्थानीय सामुदायिक वन उपभोक्ता समूह र स्थानिय निकायहरुको सक्रिय सहभागिता सुनिश्चत गरिनेछ ।

# भूमिसुधार

# भूमिसुधार क्षेत्रको विद्यमान अवस्था

- जग्गा पुनः नापी गरी डिजिटल डाटा बेस तयार गर्ने कार्य शुरू भएको, ६ वटा मालपोत कार्यालयहरूमा भूसूचना प्रणालीको स्थापना भएको, ७४ जिल्लाका नक्शाको एमोनिया प्रिण्ट केन्द्रीय स्तरमा व्यवस्थित गर्ने कार्य सम्पन्न भएको ,

तर अझै,

- ➢ विपन्न भूमिहीनहरूको संख्या यकिन नभएको,
- ➢ द्वैध भू-स्वामित्व व्यवहारमा अझै कायम रहेको,
- ➢ खेतीयोग्य जग्गा टुक्रिई कित्ताहरू छरिएका,
- ➢ भू-उपयोग योजना कार्यान्वयन नभएको,

# .... विद्यमान अवस्था

- भूस्वामित्व न्यायोचित नभएको,
- जमीनमा लागू भएको नयाँ हदवन्दीलाई व्यवहारिक तथा कानूनी दुवै रूपमा लागू गर्न नसकिएको, भूस्वामित्व र भूमिश्रोत उपयोग सम्वन्धी सूचना तथ्यांकहरूको नियमित अद्यावधिकरण नभएको,
- वसोबास अव्यवस्थित भएको,
- भूव्यवस्थापन क्षेत्रमा दक्ष जनशक्तिको अभाव रहेको ।

# भूमिसुधार क्षेत्रको चुनौतीहरू

- विपन्न तथा भूमिहीनहरूको पुनःस्थापना गर्न,
- वैकल्पिक आयआर्जनका अवसर प्रदान गर्न,
- भूमिहीन तथा मुक्त कमैयाको बसोवास व्यवस्थित गर्न,
- जग्गा हदबन्दीको नयाँ व्यवस्थाको सुरूवात गर्न,
- वैज्ञानिक भूमिसुधारका आधारहरू विकसित गर्न ।

# भुमिसुधार क्षेत्रको उद्देश्य

- दीर्घकालीन भूमि नीति र भू-उपयोग नीति निर्माण गरी भूमिको उत्पादकत्व बृद्धिमा योगदान पुऱ्याउने,
- भूमिको न्यायोचित वितरणबाट भूमिहीन, अव्यवस्थित बसोवासी र मुक्त कमैयाहरूको पुनःर्स्थापन गरी गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

# भुमिसुधार क्षेत्रको नीतिहरू

- दीर्घकालीन भूमि नीति र भू-उपयोग नीति तर्जुमा गरिनेछ,
- न्यायोचित भूमिवितरणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ,
- वैज्ञानिक भूमिसुधारको आधार तयार पारी भूमिसुधारका कार्यक्रम लागू गरिनेछ,
- भूमि व्यवस्थापनका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नुका साथै नाप नक्सा तथा भौगोलिक सूचना उपलब्ध गर्न आधुनिक प्रविधि अवलम्बन गरी भूमि प्रशासन सेवालाई प्रभावकारी बनाइनेछ,

# ...नीतिहरू

- भूमि सम्बन्धी अभिलेखलाई आधुनिक, वैज्ञानिक एवं व्यवस्थित बनाई भू-स्वामित्व, भू-उपयोग र भूमिस्रोत तथ्यांक प्रणालीलाई सुदृढ बनाइनेछ,
- जमीनमा भएको नयाँ हदवन्दी लागू गर्ने र लागू हदवन्दीलाई व्यवस्थित गरिनेछ,
- अनावश्यक जग्गा ओगट्ने प्रवृत्तिलाई हतोत्साहित गर्न प्रगतिशील कर प्रणाली लागू गरिनेछ ।

# धन्यवाद